# नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

## शोधवृत्ति सञ्चालन कार्यविधि, २०७८

**(Nepal Re-insurance Company Limited, Research Fellowships Operation Procedure, 2022)**

नेपालमा जोखिम व्यवस्थापन, बीमा, पुनर्बीमाका सिद्धान्त र अभ्यासको प्राज्ञिक प्रवर्द्धन गर्न र बीमा सम्बन्धमा प्रमाणमा आधारित नीति निर्माणमा उपयोगी हुने ज्ञानको विस्तारको लागि नेपालका विश्वविद्यालयका स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहका विद्यार्थीलाई उनीहरुको शैक्षिक कार्यक्रम अन्तर्गतको शोधप्रबन्धको लागि सामाग्री हुने गरी आधारभूत प्राज्ञिक अनुसन्धान गराउन एक पुनर्बीमा शोधवृत्ति कोषको स्थापना गरी शोधवृत्तिको वितरण र व्यवस्थापनको लागि नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रबन्धपत्रको दफा ५(१)(ण) र (प) तथा नियमावलीको नियम ३३ (१)(छ) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागू गरेको छ । भविष्यमा आवश्यकता र श्रोतको उपलब्धताको आधारमा शोधवृत्तिको दायराको विस्तार, शोधका क्षेत्रका विशिष्टीकरण र त्यसै अनुसार यस कार्यविधिको परिमार्जन गर्दै लगिनेछ ।

### परिच्छेद-१

### प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रयोगः

(१) यस कार्यविधिको नाम "नेपाल पुनर्बीमा कम्पनी लिमिटेड शोधवृत्ति सञ्चालन कार्यविधि, २०७८" (Nepal Reinsurance Company Limited Research Fellowships Operation Procedure, 2022) रहेको छ । यस कार्यविधिलाई संक्षिप्तमा "नेपाल रि शोधवृत्ति कार्यविधि" (Nepal Re Research Fellowship) भनिनेछ ।

(२) यस कार्यविधिको प्रयोग नेपाल पुनर्बीमा कम्पनी लिमिटेडले विश्वविद्यालयमा अध्ययन गर्ने स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहका विद्यार्थीलाई बीमासँग सम्बन्धित विषयमा शोध गराउन वित्तीय सहायता प्रदान गर्नको लागि गरिनेछ ।

(३) आवश्यकता अनुसार नेपाल पुनर्बीमा कम्पनी लिमिटेडले यस कार्यविधि परिमार्जन गर्न सक्नेछ ।

१.२ परिभाषाः

विषय र प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "कम्पनी" भन्नाले नेपाल पुनर्बीमा कम्पनी लिमिटेड कम्पनी बुझ्नुपर्दछ ।

(२) "विश्वविद्यालय" भन्नाले मान्यता प्राप्त विश्वविद्यालय र ती विश्वविद्यालयका सम्बन्धन प्राप्त वा अन्तर्गतका संस्थान, विभाग, स्कूल र क्याम्पस समेत बुझ्नुपर्दछ।

(३) "स्नातकोत्तर" (Masters) भन्नाले विश्वविद्यालयमा सञ्चालित स्नातककोत्तर कार्यक्रम बुझ्नुपर्दछ।

(४) "एमफिल" (MPhil) भन्नाले नेपालका विश्वविद्यालयमा सञ्चालित एमफिल कार्यक्रम बुझ्नुपर्दछ।

(५) "विद्यावारिधि" (PhD) भन्नाले विश्वविद्यालयमा सञ्चालित विद्यावारिधि र सो सरहका कार्यक्रम बुझ्नुपर्दछ।

(६) "फेलो" (Fellow) भन्नाले नेपाल पुनर्बीमा कम्पनी लिमिटेड शोधवृत्ति पाएको विद्यार्थी बुझ्नुपर्दछ।

(७) "शोध" (Research) भन्नाले शोधको विषय, सान्दर्भिक शोधविधि र नियमनकारी प्रावधानहरूबारे यथेष्ठ ज्ञान भएका र शोधको लागि प्रयोग हुने प्रविधिबारे तालिम प्राप्त शोधार्थीले वा त्यस्ता शोधार्थीको सुपरिवेक्षणमा कुनै विद्यार्थीले संस्थागत रुपमा र शोध अनुदानमा सञ्चालन हुने गरी कुनै शोध शिर्षकमा वैज्ञानिक ढाँचामा शोधका उद्देश्य र शोधविधिका खाका र योजना निर्धारित गरी सञ्चालन गर्ने र सोबाट संकलित तथ्याङ्को वैज्ञानिक विश्लेषणलाई शोधप्रतिवेदन, शोधप्रबन्ध र शोधलेखको माध्यमबाट प्रकाशन गर्नेगरी गरिने शोधकार्यलाई बुझ्नुपर्दछ।

(८) "शोधप्रबन्ध" (Thesis/Dissertation) भन्नाले विश्वविद्यालयबाट प्रदान गरिने शैक्षिक उपाधिको लागि तोकिए बमोजिमको शोध कार्य पुरा गरी तोकिएको ढाँचामा तयार गरी तोकिएको प्रक्रियाद्वारा विश्वविद्यालयले स्वीकृत गर्ने शोधप्रबन्ध बुझ्नुपर्दछ।

(९) "शोधलेख" (Research article) भन्नाले समकक्ष-समीक्षित प्राज्ञिक जर्नल (Peer–Reviewed Scholarly Journal) मा प्रकाशित हुने शोधलेख बुझ्नुपर्दछ।

(१०) "समकक्ष-समीक्षित प्राज्ञिक जर्नल" (Peer–Reviewed Scholarly Journal) भन्नाले समकक्ष-समीक्षा (Peer–Review) प्रक्रिया अपनाई शोधलेखको छनोट गरी प्रकाशन गर्ने अन्तर्राष्ट्रिय प्राज्ञिक जर्नल वा नेपालको लागि विश्वविद्यालय अनुदान आयोगबाट मान्यताप्राप्त समकक्ष-समीक्षित प्राज्ञिक जर्नल बुझ्नुपर्दछ।

(११) "अन्तर्राष्ट्रिय स्तरांकित जर्नल" (Internationally Ranked Journal) भन्नाले Thomson Reuters Journal Citation Report मा समावेश भई प्रभाव अङ्क (Impact Factor) भएका वा SCImago Journal Ranking मा समावेश भई जर्नल स्तराङ्क (Journal Rank) निर्धारित भएका र नेपाल जर्नल अनलाईन (NepJol) मा दर्ता भएका जर्नल बुझ्नुपर्दछ।

(१२) "विज्ञ" (Expert) भन्नाले विषयगत विशेषज्ञता भएको व्यक्ति बुझ्नुपर्दछ । शोधवृत्तिको सन्दर्भमा शोधप्रस्ताव, शोध प्रतिवेदन, शोधलेख र शोधार्थीको योग्यता लगायतको मूल्याङ्कन गर्ने योग्यता र क्षमता भएको व्यक्तिलाई विज्ञ भनिनेछ र यस्तो विज्ञको न्यूनतम योग्यता यस कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

(१३) "श्रेणी" (Division) भन्नाले अङ्क परीक्षा प्रणाली अपनाएका विश्वविद्यालयबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित श्रेणी बुझ्नुपर्दछ ।

(१४) "जीपीए" (GPA) भन्नाले ग्रेडिङ परीक्षा प्रणाली अपनाएका विश्वविद्यालयबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित ग्रेड बुझ्नुपर्दछ ।

(१५) "सीजीपी" (CGPA) भन्नाले ग्रेडिङ परीक्षा प्रणाली अपनाएका विश्वविद्यालयबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित कूल ग्रेड बुझ्नुपर्दछ ।

(१६) "बीमा समिति" भन्नाले बीमा ऐन, २०४९ बमोजिम गठन भएको बीमा क्षेत्रमा नियमनकारी निकाय बुझ्नुपर्दछ ।

(१७) "पुनर्बीमा" भन्नाले बीमकले धारण गर्ने जोखिमको अंश भन्दा बढी अंशको पुन: बीमा गर्ने कार्य बुझ्नुपर्दछ ।

(१८) "बीमासंग सम्बन्धित शोध" (Research related to insurance) भन्नाले जोखिम व्यवस्थापन, बीमा तथा पुनर्बीमा सिद्धान्त र अभ्यास तथा त्यसको समसामयिक प्रयोगसंग सम्बन्धित विषय र क्षेत्रहरु, बीमाको अन्तर्गतका शोध वा त्यस्ता विषय र क्षेत्रको निम्ति सान्दर्भिक हुने शोध बुझ्नुपर्दछ ।

(१९) "संचालक समिति" भन्नाले कम्पनीको संचालक समिति बुझ्नुपर्दछ ।

(२०) "शोधवृत्ति व्यवस्थापन समिति" भन्नाले कार्यविधि २.१ बमोजिम गठन भएको समिति बुझ्नुपर्दछ ।

## परिच्छेद-२

## शोधवृत्ति व्यवस्थापन समिति

२.१ पुनर्बीमा शोधवृत्तिको व्यवस्थापन र सहजीकरणको लागि ५ सदस्यीय एक "पुनर्बीमा शोधवृत्ति व्यवस्थापन समिति" रहनेछ जसको संरचना देहाय बमोजिम हुनेछ

(क) अध्यक्ष- कम्पनीको संचालक समितिले तोकेको संचालक

(ख) सदस्य -मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा विद्यावारिधी गरेको बहालवाला वा निवृत्त सहप्राध्यापक / प्राध्यापक

(ग) सदस्य - निर्देशक, बीमा समिति

(घ) सदस्य - कम्तिमा दश वर्ष बीमा क्षेत्रमा संलग्न रहेको बीमा विज्ञ

(ङ.) सदस्य-सचिव -कम्पनीको अनुसन्धान समितिको सचिव वा अनुसन्धान विभागको प्रमुख

२.२ शोधवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) यस कार्यविधि अनुसार शोधवृत्तिको आवेदन आह्वान, आवेदनको मूल्याङ्कन र छनोट, शोधवृत्तिको वितरण, प्रगति अनुगमन, शोधप्रबन्धको सङ्कलन, शोधसारको प्रचार लगायतका कार्य गर्न लगाउनु,

(ख) शोधप्रस्ताव र प्रगति प्रतिवेदन लगायतका दस्तावेजको मूल्याङ्कनको लागि विज्ञको छनोट गर्नु,

(ग) शोधवृत्ति कोषको स्थापना, विकास र व्यवस्थापन गर्नु,

(घ) शोधवृत्ति कार्यविधिको समसामयिक परिमार्जनका लागि सिफारिश गर्नु

(ङ) शोधवृत्ति र शोधको प्रचार प्रसार गर्नु

२.३ दफा २.२ (ख) को प्रयोजनको लागि छनोट गरिने विज्ञको न्यूनतम योग्यता देहायमध्ये कुनै एक हुनुपर्नेछ:

(क) व्यवस्थापन वा अर्थशास्त्रमा विषयमा विद्यावारिधि गरी बीमा सम्बन्धी विषयमा समकक्ष समीक्षित जर्नलमा कम्तीमा २ वटा शोधलेख प्रकाशन गरेको, वा

(ख) कम्तीमा १ विद्यावारिधि शोधप्रबन्ध वा ५ स्नातकोत्तर एमफिल शोधप्रबन्ध सुपरिवेक्षण गरेको शिक्षक, वा

(ग) बीमा विषयमा विद्यावारिधि गरेको ।

२.४ **विज्ञको पारिश्रमिक** - दफा २.२ र २.३ अनुसार शोधप्रस्ताव, प्रगति प्रतिवेदन र प्रगति प्रस्तुतीकरण मूल्याङ्कन गर्न छनोट गरिएका विज्ञको पारिश्रमिक कम्पनीको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद-३

## शोधवृत्तिको प्रकार र दायरा

३.१ कम्पनीको शोधवृत्ति अन्तर्गत स्नातकोत्तर तह र त्यस माथिका तहका विद्यार्थीको निम्ति उपलब्ध गराइने गरी निम्नलिखित शोधवृत्ति रहेका छन:

(१) नेपाल रि स्नातकोत्तर शोधवृत्ति (Nepal Re Masters Research Fellowship)

(२) नेपाल रि एमफिल शोधवृत्ति (Nepal Re MPhil Research Fellowship)

(३) नेपाल रि विद्यावारिधि शोधवृत्ति (Nepal Re PhD Research Fellowship)

३.२ **शोधवृत्तिको संख्या** - शोधवृत्तिको लागि निर्धारित बजेटको आधारमा प्रत्येक वर्ष उपलब्ध गराइने शोधवृत्तिको प्रकार र संख्या निर्धारण गरी सोको सूचना कम्पनीको वेबसाइटमा राखिनेछ ।

३.३ **शोधवृत्तिको रकम र वितरण-** शोधवृत्तिको रकम र वितरण गर्ने प्रक्रिया अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## शोधवृत्तिको आवेदन र छनोट

४.१ **शोधवृत्तिको लागि आवेदन दिन चाहिने न्यूनतम योग्यता र शर्त** - पुनर्बीमा शोधवृत्तिको लागि आवेदन दिने विद्यार्थीको न्यूनतम योग्यता र शर्त यस प्रकार हुनेछ:

(१) पुनर्बीमा स्नातकोत्तर/एमफिल शोधवृत्तिको लागि:

(क) नेपालको कुनै विश्वविद्यालयको स्नातकोत्तर वा एमफिल कार्यक्रममा भर्ना भई विश्वविद्यालयले तोकेको शोधप्रबन्ध सत्र (वर्ष वा सेमेस्टर) अगाडिका सबै सत्रहरूको परीक्षामा कुल वा सरदर अङ्क कम्तीमा द्वितिय श्रेणी वा ३.०/४.० सीजीपीए बराबर ल्याएर उत्तीर्ण गरी शोधप्रबन्ध सत्रमा भर्ना भएको र शोधप्रबन्धको लागि शोधप्रस्ताव विश्वविद्यालयले तोकेको प्रक्रिया र निकायद्वारा स्वीकृत भएको ।

(ख) शोधप्रस्ताव बीमा सम्बन्धित विषयमा र गुणस्तरीय छ भनी प्रमाणित गरी बीमा शोधवृत्तिको लागि शोध सुपरिवेक्षकद्वारा सिफारिश गरिएको ।

(ग) प्रस्तावित शोधको लागि अन्य कुनै श्रोतबाट अनुदान प्राप्त भएको छैन भनी विद्यार्थी अध्ययनरत संस्थाले प्रमाणित गरेको पत्र ।

(२) विद्यावारिधि शोधवृत्तिको लागि:

(क) मान्यता प्राप्त विश्वविद्यालयमा भर्ना भई शोधप्रस्ताव स्वीकृत भएको,

(ख) शोध प्रस्ताव बीमासँग सम्बन्धित विषयमा छ भनी प्रमाणित गरी बीमा शोधवृत्तिको लागि प्रमुख शोध सुपरिवेक्षकद्वारा सिफारिश गरिएको,

(ग) प्रस्तावित शोधको लागि अन्य कुनै श्रोतबाट अनुदान प्राप्त भएको छैन भनी विद्यार्थी अध्ययनरत संस्थाले प्रमाणित गरेको पत्र ।

४.२ **आवेदनको ढाँचा र प्रक्रिया** - प्रत्येक आर्थिक वर्षमा कम्पनीले शोधवृत्तिको संख्या र प्रकार तथा आवेदनको म्याद तोकी आवेदन आह्वान गर्नेछ र म्यादभित्र यस कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फाराम भरी आवेदन फाराममा तोकिएको कागजात र विश्वविद्यालयले स्वीकृत गरेको शोधप्रस्तावलाई आवेदन फाराममा तोकिएको ढाँचामा तयार गरी सो समेत संगै राखी कम्पनीको कार्यालयमा बुझाउनु पर्नेछ ।

४.३ **कारवाही नहुने** - रीत नपुगेका वा कागजात नपुगेका आवेदन उपर कुनै कारवाही हुने छैन ।

४.४ **आवेदनको छनोट र शोधवृत्तिको घोषणा** - आवेदनको छनोटको लागि अनुसूची-४ अनुसारको ढाँचामा विज्ञद्वारा शोधप्रस्तावको मूल्याङ्कन र अनुसूची-५ र अनुसूची-६ को ढाँचामा आवेदनको मूल्याङ्कन गरी आवेदकहरुको योग्यतासूची तयार गरिनेछ र शोधवृत्तिको लागि उपलब्ध कोटाको आधारमा अन्तिम सूची तयार गरी शोधवृत्ति पाउने उम्मेदवारको नाम प्रकाशित गरिनेछ ।

४.५ **मनसायपत्र** - शोधवृत्तिको लागि अन्तिम छनोटमा परेका उमेदवारले नतिजा प्रकाशित भएको मितिबाट १५ दिनभित्र अनुसूची-९ को ढाँचामा शोधवृत्ति स्वीकार गर्ने मनसायपत्र भरी कम्पनीको कार्यालयमा वा इमेलद्वारा बुझाउनुपर्नेछ ।

४.६ **परिमार्जित शोधप्रस्ताव पेश गर्नुपर्ने** - शोधवृत्ति स्वीकार गर्ने मनसायपत्र बुझाएका उमेदवारलाई शोधवृत्ति व्यवस्थापन समितिले शोधप्रस्ताव र प्रस्तुतीकरणको मूल्याङ्कन गर्ने विज्ञहरुबाट प्राप्त सुझावहरु उपलब्ध गराउनेछ र उमेदवारको ती सुझावहरुको आधारमा शोधप्रस्ताव उल्लेख्य रुपमा परिमार्जन गर्नुपर्ने देखिएमा सुपरिवेक्षकको सहमतिमा परिमार्जित गरी अद्यावधिक गरिएको समयतालिका सहितको परिमार्जित शोधप्रस्ताव समितिमा बुझाउनुपर्नेछ । विज्ञहरुका सुझाव अनुसार शोधप्रस्तावको उल्लेख्य परिमार्जन गर्नुपर्ने नदेखिएमा परिमार्जित शोधप्रस्ताव पेश गर्नुपर्ने छैन ।

४.७ **शोधवृत्तिको सम्झौता र वृत्ति वितरण-** शोधवृत्ति स्वीकार गर्ने मनसायपत्र बुझाएका उमेदवार, सुपरिवेक्षक, र कम्पनीको बीच अनुसूची-१० को ढाँचाको सम्झौतापत्रमा हस्ताक्षर भएपछि कम्पनीले सम्झौता अनुसार शोधवृत्तिको वितरण हुने गरी शोधवृत्तिको पहिलो किस्ताको भुक्तानी दिनेछ ।

## परिच्छेद-५

## शोध प्रगति विवरण र शोधप्रबन्ध तयारी

५.१ **प्रगति विवरण पेश गर्ने** - नेपाल पुनर्बीमा कम्पनी लिमिटेड शोधवृत्ति प्राप्त गर्ने फेलोले शोध पूरा गरी विश्वविद्यालयको नियम अनुसार शोधप्रबन्ध नबुझाउन्जेल प्रत्येक ६ महिनामा अनुसूची-११ को ढाँचामा प्रगति प्रतिवेदन कम्पनीको कार्यालयमा बुझाउनुपर्नेछ र विद्यावारिधि फेलोले प्रत्येक वर्षको अन्त्यतिर लिखित प्रगति प्रतिवेदनका अलावा त्यसैमा आधारित प्रस्तुतीकरण कम्पनीको कार्यालयमा विज्ञ समक्ष गर्नुपर्नेछ ।

५.२ **प्रगति प्रतिवेदन** - प्रगति प्रतिवेदन र प्रस्तुतीकरणको मूल्याङ्कन अनुसूची-१२ र अनुसूची-१४ को ढाँचामा गरिनेछ र विज्ञले शोधप्रगति कम्तीमा सन्तोषजनक छ भनी प्रमाणित गरेमा मात्र शोधवृत्तिका बाँकी किस्ता तोकिएबमोजिम वितरण हुनेछ । साथै, प्रगति शून्य वा सन्तोषजनक नभएको पाइएमा फेलोले शोधमा अर्को ६ महिनाभित्रमा सन्तोषजनक प्रगति गरिसक्नुपर्नेछ भनी कम्पनीले जानकारी गराउनेछ र सोहीअनुसार ६ महिनामा फेलोले पेश गर्ने प्रगति प्रतिवेदनको

समीक्षा विज्ञद्वारा गराउनेछ र दोस्रो पटक सन्तोषजनक प्रगति नभएको अवस्था भेटिए कम्पनीले फेलोको शोधवृत्ति रद्द गर्नेछ ।

५.३ **प्रगति प्रतिवेदन पेश नगर्नेलाई गरिने कारवाही -** कुनै सूचना नदिई लगातार दुई पटक प्रगति प्रतिवेदन पेश नगरी म्याद गुजारेमा शोधवृत्ति रद्द गरी वितरण भइसकेको किस्ताको रकम फेलोबाट असुल उपर गरिनेछ र प्रगति प्रतिवेदन पेश गर्न ढिलाई हुने मनासिब कारण पेश गरी फेलोले म्याद थप्न अनुरोध गरेमा प्रगति प्रतिवेदन पेश गर्न दिनको लागि ६ महिना म्याद थप्न सकिनेछ ।

५.४ **शोधप्रबन्ध पूरा गरिसक्नुपर्ने समय -**

(१) **नेपाल रि स्नातकोत्तर/एमफिल शोधवृत्ति:**

शोधवृत्तिमा छनोट गरिएको घोषणा भएको मितिबाट १ वर्षभित्र शोधप्रबन्ध पुरा गरी विश्वविद्यालयमा पेश गरिसक्नुपर्नेछ र शोधप्रबन्धको २ कागजी प्रतिलिपि र एक इलेक्ट्रोनिक प्रतिलिपि कम्पनीमा बुझाउनुपर्नेछ । सुपरिवेक्षकको सिफारिश सहित फेलोको अनुरोधमा प्रत्येक पल्ट ६ महिना गरी बढीमा १ वर्षसम्म शोधप्रबन्ध पुरा गरिसक्नुपर्ने म्याद थप्न सकिनेछ ।

(२) **नेपाल रि विद्यावारिधि शोधवृत्ति:**

शोधवृत्तिमा छनोट गरिएको घोषणा भएको मितिबाट ३ वर्षभित्र शोधप्रबन्ध पुरा गरी विश्वविद्यालयमा पेश गरिसक्नुपर्नेछ र शोधप्रबन्धको २ कागजी प्रतिलिपि र १ इलेक्ट्रोनिक प्रतिलिपि कम्पनीमा बुझाउनुपर्नेछ र सो समयभित्र शोधप्रबन्ध पुरा नहुने भएमा सुपरिवेक्षकको सिफारिश सहित फेलोको अनुरोधमा सम्बन्धित विश्वविद्यालयले तोकेको अधिकतम म्यादभित्र शोधप्रबन्ध पूरा गरिसक्नुपर्ने गरी म्याद थप्न सकिनेछ ।

५.५ **शोधप्रबन्ध बुझाउने म्याद गुजार्ने फेलोलाई कारवाही -** कुनै अनुरोध नगरी दफा-५.४ मा तोकिएको म्याद गुजार्ने फेलोको शोधवृत्ति रद्द गरिनेछ र बाँकी किस्ताको भुक्तानी दिइनेछैन ।

५.६ **लापरवाही वा अनुसन्धान अनाचार भएमा कारवाही हुने -**फेलोले शोधकार्य नगरी लापरवाही गरेको भेटिएमा वा सम्बन्धित विश्वविद्यालयले परिभाषा गरे अनुसारको झुठ्ठा विवरण (fabrication), तोडमरोड (falsification) वा कृतिचोरी (plagiarism) लगायतका अनुसन्धान अनाचार (research misconduct) गरेको भनी कृतिचोरी (plagiarism) नगरेको प्रमाणपत्र सम्बन्धित विश्वविद्यालयबाट पेश गर्नु पर्नेछ । अन्यथा शोधवृत्तिको सम्पूर्ण रकम असुल उपर गरिनेछ र अनुसन्धान अनाचार कार्यको हकमा विश्वविद्यालय अनुदान आयोगले तोकेबमोजिमको कारवाहीको लागि सिफारिश समेत गरिनेछ ।

५.७ **शोधप्रबन्ध पूरा गर्ने फेलोलाई प्रमाणपत्र -** नेपाल पुनर्बीमा कम्पनी लिमिटेड शोधवृत्ति प्राप्त गर्ने फेलोले सम्बन्धित विश्वविद्यालयले तोकेबमोजिमको प्रक्रिया अनुसार शोधप्रबन्ध स्वीकृत गराई

कम्पनीमा बुझाएपछि नेपाल पुनर्बीमा कम्पनी लिमिटेडले फेलोलाई अनुसूची-१६ को ढाँचामा शोधवृत्तिको प्रमाणपत्र प्रदान गर्नेछ।

## परिच्छेद-६

## विविध

६.१ **बीमा गरिने** -

(१) शोधार्थीको ७ (सात) लाख रुपैयाँको दुर्घटना बीमा गरिनेछ।

(२) स्नातकोत्तर, एमफिल, विद्यावारिधिको लागी शोध सम्पन्न गर्नु पर्ने वर्ष जति हुन्छ सोहि बराबर आवधिको लागि बीमा गरिनेछ।

६.२ **स्वार्थ बाझिन नहुने**- आवेदक विद्यार्थीका शैक्षिक संस्थामा कार्यरत शिक्षक वा नातेदार आवेदनको मूल्याङ्कनमा सहभागी हुन पाउने छैनन्।

६.३ **कार्यविधिको संसोधन**- कम्पनीको सञ्चालक समितिले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

६.४ **कार्यविधिको व्याख्याको अधिकार**- यस कार्यविधिमा अस्पष्ट भएका वा विवादित बुँदाको व्याख्या गर्ने अन्तिम अधिकार कम्पनीको सञ्चालक समितिलाई हुनेछ।

## अनुसूची-१

### शोधवृत्तिको रकम र वितरण ढाँचा

| | | | | |
|---|---|---|---|---|
| (क) पुनर्बीमा स्नातकोत्तर शोधवृत्ति | | | | |
| खर्च शिर्षक | | लाभग्राही | रकम(रु) | वितरण ढाँचा |
| १. | विद्यार्थी शोधवृत्ति | विद्यार्थी | १००,०००।- | (क) शोधवृत्ति सम्झौता हुँदा ४०% (ख) शोधप्रबन्ध बुझाएपछि ६०% |
| २. | सुपरिवेक्षक पारिश्रमिक | सुपरिवेक्षक | २०,०००।- | |
| कुल रकम | | | १२०,००० | |
| (ख) पुनर्बीमा एमफिल शोधवृत्ति | | | | |
| खर्च शिर्षक | | लाभग्राही | रकम (रु.) | वितरण ढाँचा |
| १. | विद्यार्थी शोधवृत्ति | विद्यार्थी | २००,०००।- | (क) शोधवृत्ति सम्झौता हुँदा ४०% (ख) शोधप्रबन्ध बुझाएपछि ६०% |
| २. | सुपरिवेक्षक पारिश्रमिक | सुपरिवेक्षक | ३५,०००।- | |
| कुल रकम | | | २,३५,०००।- | |
| (ग) पुनर्बीमा विद्यावारिधि शोधवृत्ति | | | | |
| खर्च शिर्षक | | लाभग्राही | रकम (रु.) | वितरण ढाँचा |
| १. | विद्यार्थी शोधवृत्ति | विद्यार्थी | ४,००,०००।- | (क) शोधवृत्ति सम्झौता हुँदा २०% (ख) प्रथम प्रस्तुतीकरण गरे पश्चात् २०% (ग) दोस्रो प्रस्तुतीकरण गरे पश्चात् २०% (घ) स्वीकृत शोधप्रबन्धको प्रतिलिपि कम्पनीमा पेश गरे पश्चात् ४०% |
| २. | सुपरिवेक्षक पारिश्रमिक | सुपरिवेक्षक | ५०,०००।- | |
| कुल रकम | | | ४,५०,०००।- | |

अनुसूची – २

शोधवृत्ति आवेदन फर्म

**Nepal Reinsurance Company Limited**
**Thapathali, Kathmandu, Nepal**

Affix a Passport Size Color Photo

NRIC Research Fellowship
Application

| I am applying for | |
|---|---|
| 1. NRIC Masters Research Fellowship | |
| 2. NRIC Mphil Research Fellowship | |
| 3. NRIC PhD Research Fellowship | |

**A. Personal Information**

| | | |
|---|---|---|
| A1. Applicant's Full Name (in English): | | A2. Applicant's Full Name (नेपालीमा): |
| A3. Gender | A4. Age: | A5. Date of Birth: |
| A6. Citizenship No., Issuing District | | A7. Underprivileged Group: |
| A8. Permanent Address | | A9. Mailing Address: |
| A10. Telephones:<br>Residence:<br>Mobile: | | A11. Emails:<br>Preferred:<br>Optional: |

* Any of the following groups: Women, Dalit, Janajati, Madhesi, Persons with Disability (Class A, B or C only)

## B. Information About the Academic Program Registered

| | | |
|---|---|---|
| B1. University: | B2. Department / Campus / School | |
| B3. Registered for the Degree: | B4. Subject: | B5: Specialization : |
| B6. Registration Number: | B7. Date of Registration: | B8. Date of the Proposal Approval: |
| B9. Proposed Title of the Research: | | |
| B10. Proposed Budget (as specified in the Research Proposal)<br>Rs. (In words: ) | | |

## C. Information about Supervisors

| | |
|---|---|
| C1. Name of the Supervisor | C2. Highest Degree of the Supervisor |
| C3. Position of the Supervisor | |
| C4. Institutional Address of the Supervisor | C5. Contact Details of the Supervisor<br>Phone No.<br>Email |
| C6. Name of the Co-Supervisor (if any): | C7. Highest Degree of the Co-Supervisor |
| C8. Position of the Co-Supervisor | |
| C9. Address of the Co-Supervisor (Institutional): | C10. Contact Details of the Co-Supervisor<br>Phone No.:<br>Email: |

D. Academic Record (Latest First)

| Degree | Year | Major Subjects | Division/Grade | Percentage (%) | Board/University |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

E. Publication Record (Please include the complete list in your CV)

| 1. Major Research Publication in Ranked Journals (SCImago Journal Ranking*/JCR Impact Factor | | |
|---|---|---|
| | Format: Authors, Title,Journal,Volume (Number), First Page-Last Page (Year) | Rank*/IF (Year) |
| 1 | | |
| 2 | | |
| 3 | | |

2. Major Research Publication in Non-Ranked Peer-Reviewed Journals

| | Format: Authors, Title,Journal,Volume (Number), First Page-Last Page (Year) | Country |
|---|---|---|
| 1 | | |
| 2 | | |
| 3 | | |

*For SCImago Rank, visit: http://www.scimagojr.com

*For Nepal Journals Online Rank, visit: https://www.nepjol.info/

E. Detailed Research Proposal

Please attach your research proposal with the following major components written consistently in any one format (APA, MLA, Chicago, Turabian, Vancouver etc)

Length limit:

1. PhD Research Proposal: 15-20 pages

2. Masters/MPhil Research Proposal: 8-10 pages
[Important: For the purpose of double blind review, please use the applicant's name only on the cover page and avoid it appearing on the inside page and citations by replacing your name with " ●●●" ]

Research Proposal Format:

Note: The sequence of the sections can be altered to suit the discipline and the research methodology applied)

a. Title
b. Abstract
c. Background
d. Problem Statement
e. Literature Review and Research Gaps
f. Theoretical/Conceptual Framework
g. Conjectures/Hypotheses, Research Questions
h. Research Objectives
i. Study Design, Methods, Tools and Data Analysis
j. Expected Findings
k. Novelty and Level of Contribution of the Study
l. Expected Outputs (Publications)
m. Limitations and Delimitations
n. Ethical Issues
o. Organization of the Study
p. Gantt Chart and Detailed Budget (actual)*
q. References
r. Association to Insurance

* See Appendix 3 **(अनसुची ३)** for allowable headings and budget outline

**F. References**

Provide details of TWO referees who may be in better position to explain why you should be considered for this funding. They should not have any family relations with you.

| | Referee 1 | Referee 2 |
|---|---|---|
| Name | | |
| Organization | | |
| Designation | | |
| Phone Number | | |
| Email | | |

**G. Documents required** (Check √ if included)

| | | | |
|---|---|---|---|
| 1. Research Proposal (3 copies + with softcopy) | | 6.Copy of Certificate of Underprivileged Group (if any) | |
| 2.Copy of Citizenship | | 7.Recommendation from the Supervisor | |
| 3.Student Identity Card, if possible | | 8.Declartion of 'No Support from Other Source"* | |
| 4.Copies of Academic Diplomas (Bachelors and above) | | 9.Curriculum Vitae of the Applicant | |
| 5.Copy of Equivalence Certificate (if any) | | 10.Curriculum Vitae of the Supervisor | |

*Certification from the supervisor or Head of the host institution stating that the applicant has not received any financial support for the proposed study from any other source.

**10. Confirmation by the University/Department Where the Applicant is Registered**

We certify that statements made above by the candidate have been verified and found true. If the applicant is selected for fellowship, he/she will be provided with available resources, facilities and guidance necessary to conduct and complete the proposed research in this institution. The applicant has not received research grant for the proposed research from any other source.

Name of the host Institution/Department: ..............................................................

[Official Seal]

Signature

Name:...................................

Designation:...............................

Date ....................................

(Masters/MPhil/PhD Supervisor)

Signature

Name.....................................

Designation: ...........................

Date:.....................................

(Head of the Host Department)

## 12. Undertaking by the Applicant

It is solemnly affirmed that I have read and understood conditions of the award of this program mentioned in ***The NRIC Research Fellowship Procedure***, and that the decision of the NRIC will be final and binding. In the event that my progress is found unsatisfactory at the periodic evaluation or during the period of my study, I shall be liable to disciplinary action, which may result in termination of the fellowship funding and/or refunding of the full amount spent on me in connection with this award. Any research misconduct on my part is punishable.

________________________________

Signature

Name: ......................................

Date: ......................................

| Thumb Print | |
|---|---|
| Right | Left |
| | |

## अनुसूची – ३

## अनुसन्धान परियोजना अनुमानित बजेट ढाँचा

### Suggested Outline for Research Project Budget Estimate

(Please show the budget estimate in yearly basis)

**A. Field Costs**

A.1. Travel costs (Fellow and Assistant/Enumerators, if any)

A.2. Daily allowance (Fellow and Assistant/Enumerators, if any)

A.3. Survey cost (hiring, subjects compensation, refreshment)

A.4. Rental cost (for rented equipments)

A.5. Insurance

A.6. Other (specify)

**B. Education Material /Office Costs (if any)**

B.1. Specialty computer and software (specify)

B.2. Office equipments/supplies

B.3. Research material

B.4. Communication

B.5. Printing Cost

B.6. Other (specify)

**C. Consultant Services/Academic Activity (if any)**

C.1. Special Professional Service

C.2. Data Analysis

C.3. Meeting

C.4. Scientific Publication

GRAND TOTAL

Research Support Grant from NRIC

From other source [mention the source if already identified]

From other source [not yet identified]

अनुसूची – ४

शोधप्रस्ताव मूल्याङ्कन फाराम

## NRIC Research Fellowship

## Research Proposal Evaluation Form

Research Proposal for the Degree (Specify) | Masters* | | Mphil* | | PhD | |

Candidate's Code : ______ Subject: ______

**Title of the Proposal:** ______

| 1. Evaluation of the Proposal: | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Indicators (Core merit Indicators) | | Rating (Please circle the number OR give your own mark) | | | | | Score |
| | | Absent | Poor | Fair | Good | Excellent | |
| a) | Research Title (Specific, Clear) | 0 | 1 | 2 | 3 | 4 | |
| b) | Abstract (Summarized Very well) | 0 | 1 | 2 | 3 | 4 | |
| c) | Background, Problem Statement (Adequate, relevant, well stated) | 0 | 1 | 2 | 3 | 4 | |
| d) | Literature Review and Research Gaps (Adequate, relevant and gaps identified) | 0 | 1.5 | 3 | 3.5 | 6 | |
| e) | Thoeritical/Conceptual Framework, Conjectures/Hypotheses, Research Questions (Well Framed) | 0 | 1.5 | 3 | 3.5 | 6 | |
| f) | Research Objectives (Academically interesting,adequate,achievable) | 0 | 3.5 | 7 | 10.5 | 14 | |
| g) | Study design, methods, tools and data analysis (Faultless, advanced, well-suited and skillful) | 0 | 3.5 | 7 | 10.5 | 14 | |
| h) | Expected Findings (Envisioned Clearly and academically significant) | 0 | 1.5 | 3 | 3.5 | 6 | |
| i) | Novelty and level of contribution of the study (High) | 0 | 1.5 | 3 | 3.5 | 6 | |
| j) | Expected outputs (publications, academic activities) (high target and commitment) | 0 | 1 | 2 | 3 | 4 | |
| k) | Limitations and Delimitations (Honestly described and reasonable) | 0 | 1 | 2 | 3 | 4 | |
| l) | Ethical Issues (Well-Addressed, even when not applicable) | 0 | 0 | 0 | 3 | 4 | |
| m) | Gratt Chart (Well-Planned) | 0 | 1 | 2 | 3 | 4 | |
| n) | Organization, Format (Well-Organized, Standard format Followed, Uniformity) | 0 | 1 | 2 | 3 | 4 | |
| o) | Association to Insurance (Met and Well described in the proposal) | 0 | 1.5 | 3 | 3.5 | 6 | |
| Total Score (Out of 90) | | | | | | | |
| Result | Pass (45 marks or more) | | Fail (Less than 45 marks) | | | | |

2. Reviewer's comments and recommendations (Mandatory)

| |
|---|
| **A. Major Strengths of the Proposed Study:** |
| **B. Major Weaknesses of the Proposed Study:** |
| **C. Suggestions for the Improvement/Revision of the Proposal**<br><br>Reviewer's Signature: ______________________ |
| Reviewer's Full Name: ______________________<br>Reviewer's Institution: ______________________<br>Reviewer's Subject of Expertise: ______________<br>Date: ______________ |
| *For Masters/MPhil, full mark is 60. So, please convert the score from the full mark 90 to 60. |

**Score for Masters/MPhil Proposal Evaluation:**

| Conversion of the proposal Evaluation Score for Masters/Mphil | | |
|---|---|---|
| Proposal Evaluation Score (Out of 90)= A | | Scored by : |
| Proposal Evaluation Score (Out of 60)=A*(60/90) | | Verified by: |

## अनुसूची – ५

## व्यक्तिगत प्राज्ञिक विवरण (Curriculum Vitae) को सुझावित ढाँचा

**A. Suggested outline for the Curriculum Vitae of the Applicant**

1. Personal Information: (Name, permanent and institutional addresses, Phone No, Email)
2. Education (from SLC to the highest degree received)

| S.N0 | Degree | Subject/Stream | University/School | Year of Completion | Division/CGPA |
|---|---|---|---|---|---|
| | | | | | |

3. Job Experience, if any (last 5 years or last three jobs)
4. Academic Publications, if any
   a. Publications in Ranked Journals (with JCR Impact Factor or CImao Journal Rank) [Note: For SCImago Journal Rank , visit: www.scimagojr.com & *For Nepal Journals Online Rank, visit: https://www.nepjol.info/]

   b. Publications in non-Ranked peer-reviewed Journals

   [Note: include only peer-reviewed journals. Do not include editor reviewed journals and magazines]
5. Participation in Conferences, if any
   a. Total Number of International Conferences Participated (Keynote/Oral/Poster presentation)
   b. Total Number of National Conferences Participated (Keynote/Oral/Poster presentation)
6. Awards
7. Membership to Professional Organizations

**B. Suggested outline for Curriculum Vitae of the Principal Supervisor**

1. Personal Information: Name, Address and Contact
2. Highest Degree and Title of Thesis:
3. Job Experience (last 5 years or last three jobs)
4. Academic Publications

